# विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि शिक्षा, अनुसन्धान र प्रसार कार्यक्रम संचालन कार्यविधि-२०७४

नेपाल सरकार

कृषि विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

## विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि शिक्षा, अनुसन्धान र प्रसार कार्यक्रम संचालन कार्यविधि-२०७४

### खण्ड १. पृष्ठभूमि

कृषि क्षेत्रका आवधिक र दीर्घकालिन कृषि नीति तथा रणनीतिहरुमा कृषिको आधुनिकीकरण र व्यवसायिकरणका लागि कृषि शिक्षा, अनुसन्धान र प्रसारको समन्वयकारी भूमिकालाई प्राथमिकता दिइएको छ । बहुसरोकारवाला निकायहरु बीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सूनिश्चितता गर्ने प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको उद्धेश्य रहेको छ । साथै परियोजना दस्तावेजको बुँदा नं. १.४.५ मा यस परियोजनाको उद्देश्य हासिल गर्ने प्रयोजनका लागि कार्यविधी बनाई कृषि विश्वविद्यालय तथा कलेजहरुलाई प्राज्ञिक प्रयोजनका लागि अनुसन्धान तथा प्रसार अनुदान उपलब्ध गराउने उल्लेख रहेको छ र यसको लागि परियोजना दस्तावेजमा कृषि अध्ययन, अनुसन्धान तथा विकास सहयोग प्रयोजनका लागि बजेट प्रक्षेपण एवं चालु आ.ब. २०७४/०७५ को स्वीकृत बार्षिक कार्यक्रममा यस प्रयोजनका लागि बजेट समेत व्यवस्था रहेको छ । जस अनुसार परियोजनाको उद्देश्य र रणनीति अनुरुप विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुलाई कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यका लागि अनुदान प्रवाह गर्ने कार्यलाई सहजिकरण गर्ने प्रयोजनका लागि कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो **विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि शिक्षा, अनुसन्धान र प्रसार कार्यक्रम संचालन कार्यविधि-२०७४** तयार गरी लागु गरेको छ ।

### खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यस कार्यविधिको नाम **विश्वविद्यालय, अध्ययन संस्थानहरुको समन्वयमा कृषि शिक्षा, अनुसन्धान र प्रसार कार्यक्रम संचालन कार्यविधि-२०७४** रहेको छ ।

२.२ यो कार्यविधी स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्दछ ।

(ख) "सुपर जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको तोकिएको बाली/वस्तुमा न्यूनतम १००० हेक्टर क्षेत्रफलमा संचालन भएको कृषि औद्योगिक क्षेत्र सम्झनु पर्दछ ।

(ग) "जोन" भन्नाले राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पुर्वाधारहरु भएको र तोकिएको बालीमा न्यूनतम ५०० हेक्टर क्षेत्रफलमा संचालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र सम्झनु पर्दछ ।

(घ) "विश्वविद्यालय/अध्ययन संस्थान" भन्नाले कृषिसँग सम्बन्धित विषयमा स्नातक कार्यक्रम संचालन गरिरहेका नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाहरु सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले प्राप्त हुन आएका आवेदनहरुको मूल्यांकन गरी छनौटको लागि परियोजना व्यवस्थापन इकाईमा शिफारिस गर्ने प्रयोजनका लागि कार्यविधीको दफा ५.१.३ मा व्यवस्था भए बमोजिमको समिति सम्झनु पर्दछ ।

(च) "कृषि अनुसन्धान अनुदान" भन्नाले प्राप्त कृषिसँग सम्बन्धित विषयमा स्नातक कार्यक्रम संचालन गरिरहेका विश्वविद्यालय/अध्ययन संस्थानका संकायबाट हुने अनुसन्धान, विद्यावारिद्धि तथा स्नातकोत्तरको शोधकार्य सम्झनु पर्दछ ।

### खण्ड ३. उद्देश्य

३.१ विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि शिक्षा, अनुसन्धान र प्रसार कार्यक्रम संचालनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्-

(क) परियोजना अन्तर्गतका संभागहरुमा कृषकहरुले भोगिरहेका समस्यामा आधारित अध्ययन अनुसन्धान गरी प्रविधि विकासमा सहयोग पुऱ्याउने।

(ख) विश्वविद्यालयबाट विकास गरिएका प्रविधिहरु कृषि प्रसार कार्यकर्ता तथा कृषकहरुमा पुऱ्याउने।

(ग) कृषिसँग सम्बन्धित विषयमा अध्यापन कार्य गरिरहेका विश्वविद्यालय, अध्ययन संस्थानको क्षमता विकासमा सहयोग पुऱ्याउने ।

### खण्ड ४. संचालन हुने क्रियाकलापहरु

४.१ यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु संचालनको लागि अनुदान उपलब्ध गराइने छ :

(क) अनुसन्धान कार्यक्रम

(ख) कृषि प्रसार कार्यक्रम

(ग) कृषि शिक्षा प्रवर्द्धन कार्यक्रम

### खण्ड ५. कार्यक्रम संचालन विधि

**५.१. सूचना प्रकाशन तथा अनुदान वितरणका आधारहरु**

५.१.१ कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रममा प्रत्यक्ष संलग्न नेपाल सरकारबाट पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय/कृषि अध्ययन संस्थानबाट एक महिनाको समय दिई अनुसन्धान, प्रसार र शिक्षाको लागि विनियोजित बजेट खुलाई आवेदन माग गरिनेछ र आवेदकले कृषि अध्ययन संस्थान, विश्वविद्यालयबाट संचालित कृषिसँग सम्बन्धित संकायको संख्या, अध्ययनरत विद्यावारिधि तथा स्नातकोत्तर विद्यार्थी संख्या, अनुसन्धान तथा प्रसारको संस्थागत संरचना प्रमाणित गर्ने कागजपत्र साथ तोकिएको समावधि भित्र निवेदन पेश गर्नुपर्नेछ ।

५.१.२ प्राप्त आवेदनहरुमध्ये विश्वविद्यालय/कृषि अध्ययन संस्थान/कलेजबाट संचालित कृषिसँग सम्बन्धित संकायको संख्या, विद्यावारिधि र स्नातकोत्तर विद्यार्थी संख्यालाई आधार मानी अनुदान प्रवाह गरिनेछ र यसको भार क्रमश: २०, ४० र ४० प्रतिशत हुनेछ ।

५.१.३ कृषि अनुदान दायारा किटान, परिचालन तथा व्यवस्थापन गर्न तपसिल बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| १. परियोजना निर्देशक (परियोजना) | संयोजक |
| २. कार्यक्रम निर्देशक (कृषि), राष्ट्रिय योजना आयोग, सिंहदरवार | सदस्य |
| ३. शाखा प्रमुख, मानव संशाधन शाखा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | सदस्य |
| ४. प्रमुख, योजना तथा समन्वय शाखा (परियोजना) | सदस्य |
| ५. प्रमुख, प्रतिफल मुल्याङ्कन शाखा (परियोजना) | सदस्य |
| ६. प्रमुख, आर्थिक प्रशासन शाखा (परियोजना) | सदस्य |
| ७. प्रमुख, प्रविधि विस्तार तथा पूर्वाधार विकास शाखा (परियोजना) | सदस्य सचिव |

सो समितिमा सम्बन्धित विश्वविद्यालय/अध्ययन संस्थान/कलेजलाई सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

### ५.२ अनुदान व्यवस्थापन तथा उपयोग

५.२.१ अनुदानग्राहीले प्राप्त अनुदान कृषि अनुसन्धान (विद्यावारिधि, स्नातकोत्तर तथा संकाय), प्रसार तथा शिक्षा कार्यक्रममा उपयोग गर्नु पर्नेछ ।

५.२.२ कार्यक्रम संचालनको लागि अनुदानग्राहीले बार्षिक रुपमा प्राप्त अनुदानलाई संस्थागत आवश्यक्ता अनुरुप कृषि अनुसन्धान, प्रविधि प्रसार, कृषि शिक्षा प्रवर्द्धनको क्षेत्रमा उपयोग गर्न सक्नेछ । सो को लागि प्रविधि प्रसार तथा कृषि शिक्षा प्रवर्द्धनको अधिकतम समा प्राप्त कुल अनुदानको क्रमश: २० र ३० प्रतिशत हुनेछ ।

५.२.३ अनुदानग्राहीले प्राप्त अनुदानमध्ये ५ प्रतिशत अनुदान अनुसन्धान, शिक्षा तथा प्रसार कार्यक्रमको कार्य संचालन, समिति बैठक तथा अन्य व्यवस्थापनको लागि व्यवस्थापकीय खर्चको रुपमा उपयोग गर्न सक्नेछन ।

### ५.३ कृषि अनुसन्धान तथा अनुदानको सिमा

५.३.१ कृषि अनुसन्धान अन्तरगत संकायबाट हुने अनुसन्धान, विद्यावारिधि तथा स्नातकोत्तरमा गरिने अनुसन्धान तथा शोधकार्य रहनेछ ।

५.३.२ कृषि अनुसन्धान कार्यक्रम अन्तर्गत देहायका विषयगत क्षेत्र (Thematic Areas) मा अनुसन्धानका कार्यक्रम संचालन गरिनेछ र प्रयोगशालामा सिमित हुनुपर्ने बाहेकका अनुसन्धान कार्य परियोजनाको सुपरजोन तथा जोनको कार्यक्षेत्रमा संचालन गर्नुपर्नेछ ।

(क) परियोजनाले निर्दिष्ट गरेका बाली वस्तुका समस्याहरु समाधान गरी बाली वस्तुको उत्पादकत्व अभिवृद्धि

(ख) कृषि यान्त्रिकरण प्रवर्द्धन तथा विकास

(ग) पोष्ट हार्भेष्ट व्यवस्थापन तथा क्षति न्यूनिकरण सम्बन्धी प्रविधि विकास

(घ) उत्पादन लागत न्यूनिकरण

(च) बजारिकरण प्रवर्द्धन तथा मुल्य अभिवृद्धि

(ज) परियोजनाबाट संचालित कार्यक्रमहरुको सामाजिक तथा आर्थिक समावेशिकरण

५.३.३ कृषि अनुसन्धान अनुदानको अधिकतम सिमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीको हकमा प्रति अनुसन्धान रु. १,००,०००।—(अक्षरेपी एक लाख मात्र) विद्यावारिद्यी तहमा अध्ययनरत विद्यार्थीको हकमा रु २,००,०००।- (अक्षरेपी दुई लाख मात्र) र संकायगत रुपमा संचालन हुने अनुसन्धानको हकमा रु ५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र) हुनेछ ।

५.३.४ प्राप्त अनुदानमध्ये कृषि अनुसन्धान अनुदानको क्षेत्रगत रुपमा परिचालन सुनिश्चित गर्न संकायगत अनुसन्धान, विद्यावारिद्यी अनुसन्धान तथा स्नातकोत्तर अनुसन्धानको क्षेत्रमा क्रमश: ३५, ३५ र ३० प्रतिशत अनुदान व्यवस्था गर्नुपर्नेछ । तर कुनै विश्वविद्यालय तथा अध्ययन संस्थानमा माथि उल्लेखित निर्दिश्ट अनुसन्धान क्षेत्र नभएमा सो क्षेत्रमा भएको रकम सिमालाई कायम अनुसन्धान क्षेत्रमा समानुपातिक वितरण गरिनेछ ।

५.३.५ अनुदानग्राहीले कृषि अनुसन्धान अनुदान प्रतिस्पर्धी अनुदानको रुपमा संचालन गर्नुपर्नेछ, सो को उपयुक्त ढाँचा, छनौटको आधार, अनुदान रकम तथा प्रभावकारी व्यवस्थापनका लागि अनुदानग्राहीले आफ्नो संस्थागत संरचना तथा व्यवस्था समेतलाई मध्यनजर गर्दै अनुसन्धान, शिक्षा तथा प्रसार अनुदान परिचालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ र सो समितिमा प्रधानमन्त्री कृषि आधुनिकीकरण, परियोजना व्यवस्थापन इकाई सदस्यको रुपमा रहनेछ ।

## ५.४ कृषि प्रसार कार्यक्रम

५.४.१ कृषि प्रसार कार्यक्रम अन्तर्गत कृषिको व्यवसायिकरण तथा आधुनिकीकरणमा सहयोग पुग्ने साथै परियोजना क्षेत्रका कृषक तथा परियोजनामा कार्यरत प्राविधिकहरुको क्षमता अभिवृद्धी गर्ने क्रियाकलापहरु संचालन गर्न सकिनेछ र सो को निर्णय दफा ५.३.५ बमोजिम गठित अनुसन्धान, शिक्षा तथा प्रसार अनुदान परिचालन तथा व्यवस्थापन समितिबाट गर्नुपर्नेछ ।

## ५.५ कृषि शिक्षा प्रवर्द्धन कार्यक्रम

५.५.१ कृषि शिक्षा प्रवर्द्धन कार्यक्रम अन्तर्गत विश्वविद्यालय/अध्ययन संस्थानहरुको प्रयोगशाला स्थापना तथा सुदृढीकरण, पुस्तकालय सुदृढीकरण र सूचना प्रविधिको प्रयोग प्रवर्द्धन लगायतका क्रियाकलापहरु संचालन गर्न सकिनेछ तथा सो कार्यक्रममा अनुदानग्राहीको लागत सहभागिता न्यूनतम ५०% हुनुपर्नेछ र सो को

निर्णय दफा ५.३.५ बमोजिम गठित अनुसन्धान, शिक्षा तथा प्रसार अनुदान परिचालन तथा व्यवस्थापन समितिबाट गर्नुपर्नेछ ।

## ६. सम्झौता तथा अनुदान रकम प्रवाह

६.१ परियोजनाले दफा ५ को उपदफा ५.१.३ बमोजिम गठित समितिले निर्णय गरे बमोजिमको अनुदानको सिमामा रही दफा ५ बमोजिमका अन्य सेवा शर्तको अधिनमा रही अनुदानग्राहीसँग सम्झौता गरी कार्यक्रम संचालनको अनुमत प्रदान गरिनेछ ।

६.२ सम्झौतामा उल्लेख भए अनुसार अनुदान रकम प्रवाह गरिनेछ । तर यसरी अनुदान प्रवाह गर्दा ३ किस्तामा नबढ्ने गरी अनुदान उपलब्ध गराइनेछ ।

६.३ अनुदान रकम प्रवाह गर्दा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ र सो को सदुपयोग, खर्च व्यवस्थापन तथा लेखा राख्ने, लेखा परिक्षण गर्ने दायित्व समेत अनुदानग्राहीको हुनेछ ।साथै अनुसन्धानको हकमा एक प्रति शोधकार्य तथा प्रतिवेदन अनिवार्य रुपमा परियोजना व्यवस्थापन इकाईलाई उपलब्ध गराउनु पर्नेछ ।

६.४ अन्य विषयहरु सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ ।

## खण्ड ७. अनुगमन व्यवस्था

६.५ यस परियोजना अन्तर्गत निर्धारीत क्रियाकलापको अनुगमन परियोजना व्यवस्थापन इकाई, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालयवाट हुनेछ ।

## खण्ड ८. विविध

८.१ यस कार्यविधिमा उल्लेख नभएको अन्य कुराहरु प्रचलित नियम कानून बमोजिम हुनेछ ।

८.२ परियोजना कार्यान्वयन समितिको निर्णय अनुसार यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।